# विषयसूची

विवरण
पृष्ठ संख्या


१. **प्रस्तावना** ........................................ १

२. **अनुच्छेद १ – संघको नाम** ........................................ १

३. **अनुच्छेद २ – ठेगाना / कार्यालयहरू** ........................................ २

धारा १: मुख्य कार्यालय ........................................
२

धारा २: अन्य कार्यालयहरू ........................................ २

४. **अनुच्छेद ३ – लक्ष्य / उद्देश्यहरू / अधिकार / कानुनी  प्रभाव** ........................................
२

लक्ष्य ........................................ २

उद्देश्यहरू ........................................ २

अधिकार ........................................ ३

कानुनी प्रभाव ........................................ ३

५. **अनुच्छेद ४ – सदस्यता** ........................................ ४

धारा १: सदस्यता र योग्यता ........................................ ४

धारा २: सदस्यताको प्रकारहरू ........................................ ४

धारा ३: सदस्यता शुल्कको वितरण ........................................ ४

धारा ४: सदस्यताको लागि आवेदन ........................................ ५

धारा ५: सदस्यहरूको अधिकारहरू ........................................ ५

धारा ६: सदस्यहरूको दायित्वहरू ........................................ ५

धारा ७: राजीनामा ........................................ ६

धारा ८: निष्कासन ........................................ ६

६. **अनुच्छेद ५ – सदस्यता शुल्क र लाभहरू** ........................................ ६

धारा १: सदस्यता शुल्क ........................................ ६

धारा २: शुल्क तिर्ने समयसीमा ........................................ ६

धारा ३: बक्यौता रकम........................................ ६

धारा ४: फिर्ता रकम........................................ ६

धारा ५: आर्थिक वर्ष ........................................ ७

धारा ६: साधारण सदस्यताको लाभहरू ........................................ ७

धारा ७: सदस्यता दर्ता अवधि ............ ७
धारा ८: मतदान अधिकार र योग्यता ............ ७
७. **अनुच्छेद ६ – वित्तीय व्यवस्थापन** ............ ७
धारा १: केन्द्रीय कार्यकारिणी समिति ............ ७
धारा २: च्याप्टर/शाखा कार्यकारीणी समिति ............ ८
धारा ३: कोष / ट्रस्ट / विभाग (केन्द्रीय कार्यकारीणी समितिद्वारा गठन) ............ ९
धारा ४: लेखापरीक्षण ............ ९
धारा ५: अधिकार प्राप्त हस्ताक्षरहरू ............ १०
८. **अनुच्छेद ७ – सम्बद्ध सदस्यता** ............ १०
धारा १: सम्बद्ध सदस्यता ............ १०
धारा २: सदस्यता समाप्ति ............ १०
९. **अनुच्छेद ८ – कार्यकारिणी समिति** ............ १०
धारा १: केन्द्रीय कार्यकारिणी समिति ............ १०
धारा २: निर्वाचन प्रक्रिया ............ ११
धारा ३: अन्य पदहरूमा निषेध............ ११
धारा ४: केन्द्रीय समितिको कर्तव्य / दायित्व ............ ११
धारा ५: पदाधिकारीहरूको कर्तव्य / दायित्व ............ १२
धारा ६: पदावधि ............ १४
धारा ७: निष्कासन नीति ............ १५
धारा ८: आचारसंहिता ............ १५
धारा ९: पारिश्रमिक र ऋण ............ १५
१०. **अनुच्छेद ९ – च्याप्टरहरू र तिनका समिति** ............ १५
धारा १: च्याप्टर समिति ............ १५
धारा २: च्याप्टर समितिको कर्तव्य / दायित्व ............ १६
धारा ३: पदाधिकारीहरूको कर्तव्य / दायित्व ............ १७
धारा ४: पदावधि ............ १८
धारा ५: निष्कासन नीति ............ १९
धारा ६: आचारसंहिता ............ १९
धारा ७: पारिश्रमिक र ऋण ............ १९
११. **अनुच्छेद १० – बैठकहरू** ............ १९

धारा १: राष्ट्रिय अधिवेशन (महाधिवेशन) ........................................................................ २०
धारा २: वार्षिक साधारण सभा (ए.जि.एम.) ................................................................ २०
धारा ३: च्याप्टर समितिको वार्षिक साधारण सभा (ए.जि.एम.) ...................................... २०
धारा ४: विशेष राष्ट्रिय अधिवेशन ........................................................................ २१
धारा ५: मतदान ........................................................................................ २१
धारा ६: सूचनाहरू ...................................................................................... २१
धारा ७: निर्णय पुस्तिका (माइन्युटहरू) ...................................................................... २२
धारा ८: गणपुरक सङ्ख्या ................................................................................ २२
१२. **अनुच्छेद ११ – निर्वाचन** ........................................................................ २२
धारा १: निर्वाचन प्रक्रिया ................................................................................ २२
धारा २: प्रतिनिधिहरू .................................................................................... २२
धारा ३: उम्मेदवारको योग्यता ............................................................................ २२
धारा ४: राजीनामा ...................................................................................... २२
१३. **अनुच्छेद १२ – सल्लाहकार मण्डल / विभागहरू / उप-समिति** ........................................ २४
धारा १: सल्लाहकार मण्डल ............................................................................ २४
धारा २: विभागहरूको स्थापना .......................................................................... २५
धारा ३: ट्रस्टी वा निर्देशक मण्डलको स्थापना .............................................................. २५
१४. **अनुच्छेद १३ – मानार्थ बोर्ड सदस्यहरू** ........................................................... २५
१५. **अनुच्छेद १४ – प्रतीकचिह्न**................................................................. २५
१६. **अनुच्छेद १५ – छाप / सिल** ................................................................... २५
१७. **अनुच्छेद १६ – क्षतिपूर्ति** ....................................................................... २६
१८. **अनुच्छेद १७ – संशोधन** ......................................................................... २६
१९. **अनुच्छेद १८ – विघटन** ........................................................................... २६
धारा १: च्याप्टरहरू .................................................................................... २६
धारा २: संघ ............................................................................................ २७
२०. **अनुच्छेद १९ – झण्डा** .............................................................................. २७
२१. **अनुसूची क – संस्थापक सदस्यहरू** ........................................................... २९
२२. **अनुसूची ख – सदस्यता आवेदन फारम** .................................................. ३०
२३. **अनुसूची ग – मगरयूएसए प्रतीकचिह्न**.................................................... ३१
२४. **अनुसूची घ – मगरयूएसए झण्डा**........................................................... ३२

**मगर संघ अमेरिका, इन्क.**
**पूर्वनाम: लाङ्घाली संघ अमेरिका, इन्क.**
**(२०२४ जुलाई २८ मा सम्पन्न नवौं वार्षिक साधारणसभाबाट**
**गरिएको तेस्रो संशोधन सहितको विधान)**

मगरहरू नेपालका सबैभन्दा ठूलो आदिवासी जातिहरूमध्ये एक हुन् । उनीहरूको आफ्नै विशिष्ट भाषा, जातीयता तथा समृद्ध सांस्कृतिक विरासत रहेको छ । मगर समुदायले आधुनिक नेपालको निर्माण, समृद्धि र विकासमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएका छन् । यस समुदायको गौरवपूर्ण इतिहास छ र उनीहरू निष्ठा तथा साहसका प्रतीकका रूपमा 'गोर्खा' भनेर विश्वभर प्रसिद्ध छन् ।

**प्रस्तावना**

मार्च २८, २००४ मा नेपाली–अमेरिकी मगर समुदायले न्यूयोर्क सहरमा एक आमसभा सम्पन्न गरे, जसमा उनीहरूले **"मगर संघ अमेरिका, इन्क."** (पूर्व नाम: **लाङ्घाली संघ अमेरिका, इन्क.**) नामक एक गैर–नाफामूलक, स्वेच्छिक, सामाजिक संघ स्थापना गर्ने निर्णय गरे । संस्थापक सदस्यहरूको नामावली **अनुसूची 'क'** मा समावेश गरिएको छ ।

## अनुच्छेद-१
## संघको नाम

संघको नाम **"मगर संघ अमेरिका, इन्क."** हुनेछ । संक्षेपमा यसलाई "मगरयूएसए (**MagarUSA)"** भनेर चिनिनेछ । यस संघको पहिलाको नाम **"लाङ्घाली संघ अमेरिका, इन्क."** थियो ।

डी.बी.ए.(DBA):

MagarUSA ले आफ्ना गतिविधि र उद्देश्यहरू प्रचारप्रसार गर्नको लागि आधिकारिक वेबसाइट सञ्चालन गर्नेछ । संघको वेबसाइट ठेगाना: **https://MagarUSA.org** र ईमेल ठेगाना: **info@magarusa.org** हुनेछ। संघले आफ्नो समाचारपत्र वा ई-जर्नल **"याँम्भू"** पनि प्रकाशित गर्न सक्नेछ ।

## अनुच्छेद–२
## ठेगाना/कार्यालयहरू

**धारा १: मुख्य कार्यालय**

संघको मुख्य कार्यालय वा पत्राचार ठेगाना निम्नानुसार रहनेछ:

**69-08 Woodside Avenue, 2nd Floor, Woodside, NY, 11377**

**धारा २: अन्य कार्यालयहरू**

केन्द्रीय कार्यकारी समितिले संघको कार्य विस्तार गर्न अन्य स्थान वा राज्यहरूमा कार्यालय वा च्याप्टर समितिहरूको तोक र स्थापना गर्न सक्छ ।

## अनुच्छेद-३
## लक्ष्य / उद्देश्यहरू / अधिकार / कानुनी प्रभाव

**लक्ष्य:**

संयुक्त राज्य अमेरिकामा बसोबास गर्ने मगर समुदायबीच एकता र साझा जिम्मेवारीको भावना सिर्जना गर्नु ।

**उद्देश्यहरू:**

संघ एक गैर-नाफामूलक संस्था हुनेछ, र यसका प्रमुख उद्देश्यहरू निम्नानुसार रहने छन्:

- क) संयुक्त राज्य अमेरिकामा बसोबास गर्ने मगरहरूबीच समन्वय र सहकार्य कायम गर्नु ।
- ख) कार्यशाला, सेमिनार, खेलकुद, कार्यक्रम र सांस्कृतिक कार्यक्रमहरू आयोजना गरेर मगरहरूको भाषा र सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्नु; यसमा संगीतकार, कलाकार र आ-आफ्नो क्षेत्रमा विज्ञहरूलाई समेटिनेछ ।
- ग) प्राकृतिक प्रकोप वा मानवीय संकटको समयमा मगर समुदाय र अन्य पीडितहरूलाई सहायता गर्न च्यारिटी सहयोग प्रदान गर्नु ।
- घ) नेपाल र अन्य देशहरूमा रहेका साझेदार संस्था–जस्तै “मगर संघ” उर्फ “नेपाल मगर संघ” सँग सहकार्य गरी शिक्षाको पहुँच, विशेष गरी गरिब मगर परिवारका महिला, केटीहरू र

केटाहरूका लागि र दूरदराजका मगर बस्तीहरूमा स्वास्थ्य सेवा सुविधाहरू स्थापना गर्न योग्य परियोजनाहरूमा सह-लगानी गर्नु ।

ङ) "मगर यूएसए छात्रवृत्ति घुम्ती कोष" स्थापना गरी प्रत्येक वर्ष संयुक्त राज्यभरका उत्कृष्ट मगर विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्नु, जसले मगरयूएसए को लक्ष्य र उद्देश्यहरू प्रवर्द्धन गर्ने कार्यमा योगदान गरेका छन् ।

च) संयुक्त राज्य अमेरिकाभरका अन्य नेपाली संघसंस्थाहरूसँग मित्रवत् र व्यापक सम्बन्धहरू स्थापना गर्नु ।

छ) समग्र अमेरिकी समाज र विशेष रूपमा आफ्ना सदस्यहरूसँग जानकारी साझा गर्न वेबसाइट सञ्चालन गर्नु ।

ज) मगरहरू र तिनका परिवारहरूलाई सहयोग गर्ने कोष, ट्रस्ट वा विभागको स्थापना गर्नु ।

झ) स्थानीय सरकार तथा गैर-नाफामूलक संस्थाहरूसँग सहकार्य गरेर स्थानीय समुदायका सदस्य र संघका सदस्यहरूको हितका लागि कार्य गर्नु ।

ञ) मगर संस्कृति तथा शिक्षा र रोजगारीका अवसरहरू प्रवर्द्धन गर्ने उद्देश्यले युवाका लागि कार्यक्रमहरू आयोजना गर्नु ।

**अधिकार:**

यस संघलाई आफ्नो उद्देश्यहरू कार्यान्वयन गर्न आवश्यक सबै कानूनी, उपयुक्त र वाञ्छनीय कार्यहरू गर्ने अधिकार र क्षमता हुनेछ, जुन कार्यहरू न्यूयोर्क राज्यको गैर-नाफामूलक कर्पोरेशन ऐनसँग मेल खाने किसिमले गरिनेछन् । स्थानिय च्याप्टहरूले आफ्ना सदस्यहरू वा समुदायको हितका लागि स्थानिय सरकार तथा गैरनाफामूलक संस्थाहरूसँग स्वतन्त्र रूपमा नेटवर्क गर्न सक्नेछन् ।

**कानुनी प्रभाव:**

यस संघका कुनै पनि गतिविधिहरू कानुन निर्माणमा प्रभाव पार्ने उद्देश्यले प्रचारप्रसार वा अन्यकुनै माध्यमद्वारा गरिने छैन, र संघ कुनै पनि सार्वजनिक पदको उम्मेदवारको समर्थन वा विरोधमा (वक्तव्य प्रकाशित वा वितरण गर्ने कार्य समेत) राजनीतिक अभियानमा भाग लिने वा हस्तक्षेप गर्ने छैन ।

## अनुच्छेद-४
## सदस्यता

**धारा १: सदस्यता र योग्यता**

सदस्यता सबै व्यक्ति र परिवार (मगरहरूमा सीमित) का लागि उपलब्ध हुनेछ, जो अमेरिकाभरि विभिन्न राज्यहरूमा रहेका सम्बन्धित शाखाहरू मार्फत संस्थाद्वारा वर्णन गरिएका '**अनुच्छेद-३** को लक्ष्य, उद्देश्यहरू, अधिकार र कानुन निर्माणमा प्रभाव' लाई समर्थन गर्ने र पालना गर्न इच्छुक छन् र जसले सदस्यता शुल्क तिरेका छन् । संघबाट वा संघलाई सल्लाह, सुझाव दिने/लिने वा प्रत्यक्ष लाभ प्राप्त गर्न सक्रिय सदस्यता भएको अनिवार्य हुनुपर्नेछ । सदस्यताको लागि न्यूनतम उमेर १८ वर्ष हुनेछ ।

**धारा २: सदस्यताको प्रकारहरू**

क) **साधारण सदस्यता** दुई वर्षका लागि सदस्यता शुल्क तिर्ने मगरलाई प्रदान गरिनेछ । यो सम्बन्धित च्याप्टरहरू मार्फत वितरण गरिनेछ र स्वतः हरेक दुई वर्षमा नविकरण हुने छैन जबसम् शुल्क तिरिदैन ।

ख) **विद्यार्थी सदस्यता** पूर्णकालीन विद्यार्थीहरूलाई साधारण सदस्यता शुल्कमा ५०% छुटसहित प्रदान गरिनेछ ।

ग) **आजीवन सदस्यता** सबै मगर व्यक्तिहरूका लागि उपलब्ध हुनेछ । सदस्यता केन्द्रीय कार्यकारिणी समिति र सम्बन्धित च्याप्टरहरू मार्फत उपलब्ध हुनेछ । कुनै पनि गैर-मगर बुहारी (मगरसँग विवाह गरेकी) ले विवाहको आधारमा प्राप्त गरेको आजीवन सदस्यता सम्बन्धविच्छेद भएपछि स्वतः खारेज हुनेछ ।

**धारा ३: सदस्यता शुल्कको वितरण**

मुख्य संघ अन्तर्गत बनेका सबै च्याप्टर समितिहरूले संकलन गरेको साधारण सदस्यता शुल्कको २५% र आजीवन सदस्यता शुल्कको ५% केन्द्रीय कार्यकारिणी समितिलाई उपलब्ध गराउनुपर्नेछ ।

**धारा ४: सदस्यताको लागि आवेदन**

सबै सदस्यता आवेदकहरूले (आजीवन सदस्यता समेत) संघले निर्धारित गरेको "सदस्यता आवेदन फारम" पूरा गरेर सम्बन्धित च्याप्टरमा पेश गर्नुपर्नेछ । आजीवन सदस्यता आवेदन फारम केन्द्रीय कार्यकारिणी समितिमा सिधै पेश गर्न सकिनेछ । यदि कुनै च्याप्टर छैन भने, सबै सदस्यता फारमहरू जारी गर्नु र सदस्यता शुल्क संकलन गर्नु केन्द्रीय कार्यकारिणी समितिको जिम्मेवारी हुनेछ । सदस्यता आवेदन फारमको ढाँचा **अनुसूची 'ख'** मा समावेश गरिएको छ ।

**धारा ५: सदस्यहरूको अधिकारहरू**

सकृय रूपमा आवद्ध सदस्यले निम्न अधिकारहरू प्रयोग गर्न सक्नेछन्:

क) संघ र यसको च्याप्टरहरूको सबै बैठकहरूमा मतदान गर्न सक्नेछन्; मतदानसम्बन्धी नियम तथा विधिहरूको विस्तृत जानकारीका लागि अनुच्छेद ५, धारा ८ हेर्नुहोस् ।
ख) केन्द्रीय कार्यकारिणी समिति वा च्याप्टर समितिहरूको अध्यक्ष वा पदाधिकारीका रूपमा मनोनयन, निर्वाचन वा नियुक्ति हुन सक्नेछन् ।
ग) कुनै प्रस्ताव अघि सार्न वा समर्थन गर्न सक्नेछन् ।
घ) संघ वा यसको च्याप्टर समितिहरूका सम्बन्धित कोषाध्यक्षहरूसँग वित्तीय प्रतिवेदनको सारांश माग गर्न सक्नेछन् ।
ङ) विधान, नीतिहरू र निर्देशिका अनुसार सदस्य वा पारिवारिक सदस्यका रूपमा सेवा सुविधाहरू प्राप्त गर्न सक्नेछन् ।

**धारा ६: सदस्यहरूको दायित्वहरू**

सदस्यले निम्न दायित्वहरू पूरा गर्नुपर्दछ:

क) सदस्यता दस्तुर तिर्नु पर्नेछ ।
ख) संघ र यसको च्याप्टर समितिहरूद्वारा आयोजित सबै गतिविधिहरूमा सहभागी हुनुपर्नेछ ।
ग) संघ र यसको च्याप्टर समितिहरूद्वारा आयोजित सबै बैठक र अधिवेशनहरूमा उपस्थित हुनुपर्नेछ ।
घ) संघको केन्द्रीय कार्यकारिणी समिति तथा च्याप्टर समितिहरूद्वारा सबै बैठकहरूमा गरिएका निर्णयहरू पालना र सम्मान गर्नुपर्नेछ ।

**धारा ७: राजीनामा**

कुनै पनि सदस्यले आफ्नो च्याप्टर  समितिमा लिखित राजीनामा पत्र पेश गरेर स्वेच्छाले राजीनामा दिन सक्छ  । उक्त राजीनामा अन्तिम रूपमा मान्य हुनका लागि केन्द्रीय कार्यकारिणी समितिको स्वीकृति आवश्यक हुनेछ  । तर, राजीनामा दिएको मितिसम्मको कुनै पनि बाँकी शुल्क वा मूल्याङ्कन भुक्तान नगरेको अवस्थामा सदस्य त्यसबाट मुक्त हुने छैन  ।

**धारा ८: निष्कासन**

कुनै पनि सदस्यलाई पर्याप्त कारण देखाएर केन्द्रीय कार्यकारिणी समितिको दुई-तिहाइ बहुमतले निष्कासन गर्न सकिन्छ  । सदस्यताका लागि तोकिएका मापदण्डहरू पूरा नगर्नु वा तोकिएको शुल्क तिर्न असफल हुनु पर्याप्त कारण मानिन्छ र यस्तो अवस्थामा सदस्यलाई पूर्व सूचना दिनु वा कार्यकारिणी समितिबाट थप छलफल आवश्यक पर्दैन  ।

**अनुच्छेद–५**
**सदस्यता शुल्क र लाभहरू**

**धारा १: सदस्यता शुल्क**
प्रत्येक प्रकारको सदस्यताको शुल्क वार्षिक साधारण सभाबाट निर्धारण गरिनेछ  ।

क) साधारण सदस्यः $५०.०० (पचास अमेरिकी डलर) दुई वर्षे निर्वाचन अवधिका लागि  ।
   प्रमाणित पूर्णकालीन विद्यार्थीहरूले साधारण सदस्यता शुल्कमा ५०% छुट पाउनेछन्  ।
ख) आजीवन सदस्यः $५००.०० (पाँच सय अमेरिकी डलर) ।

**धारा २: शुल्क तिर्ने समयसीमा**
सदस्यता शुल्क सदस्यता आवेदनको समयमा तिर्नुपर्नेछ  ।

**धारा ३: बक्यौता  रकम**
सदस्यको लागि शुल्क आवेदन दर्ता भएको ३० दिनभित्र तिर्नुपर्नेछ। यदि कुनै सदस्यले ९० दिनभन्दा बढी समयसम्म शुल्क तिरेन भने, सो सदस्यको सङ्घ र सम्बन्धित च्याप्टरमा हुने सबै अधिकार स्वतः अन्त्य हुनेछ  । बक्यौता सदस्यहरूले पछि शुल्क तिरेमा सम्बन्धित च्याप्टर समितिको विवेकमा पुनः सदस्यता दिइन सक्नेछ  ।

**धारा ४: फिर्ता रकम**

तिरेको सदस्यता शुल्क फिर्ता गरिने छैन ।

**धारा ५: आर्थिक वर्ष**

सङ्घको आर्थिक वर्ष अगष्ट १ देखि जुलाई ३१ सम्म रहनेछ। दिएको वर्षको लागि सदस्यता शुल्क तिरे‹ पृष्ठ व्यक्तिहरू मतदान सदस्य बन्नेछन्। साधारण सदस्यताको कार्यकाल दुई वर्षको हुनेछ ।

**धारा ६: साधारण सदस्यताको लाभहरू**

क) आफ्नो च्याप्टर समिति वा संघको केन्द्रीय कार्यकारीणी समितिका निर्वाचनमा मतदान गर्ने र उम्मेदवारी दिने अधिकार ।
ख) अन्य सदस्यहरूसँग नेटवर्किङ गर्ने अवसरहरू ।
ग) सबै सांस्कृतिक कार्यक्रम र क्रियाकलापहरूको अग्रिम सूचना प्राप्त गर्ने ।
घ) आवश्यक जानकारी अनलाइन प्राप्त गर्ने ।

**धारा ७: सदस्यता दर्ता अवधि**

साधारण सदस्यता सहित आजीवन सदस्यता वर्षको जुनसुकै समयमा सबैका लागि खुला हुन्छन् । तथापि, निर्वाचन वर्षमा कुनै नयाँ सदस्यता दर्ता वा हालको सदस्यताको नवीकरण च्याप्टर समिति वा केन्द्रीय कार्यकारी समितिका कुनै पनि निर्वाचन अघि गरिनु पर्नेछ ।

**धारा ८: मतदान अधिकार र योग्यता**

क) मतदानको योग्य हुनका लागि, सदस्यले च्याप्टर समितिको वा केन्द्रीय कार्यकारीणी समितिको निर्वाचन अघि वैध सदस्यता (नयाँ वा नवीकृत) राख्नुपर्नेछ ।
ख) आजीवन सदस्यहरूलाई सबै वार्षिक साधारण सभा (ए.जि.एम.) र राष्ट्रिय सम्मेलन वा विशेष राष्ट्रिय सम्मेलनमा मतदान गर्ने अधिकार हुनेछ ।
ग) साधारण सदस्यहरूलाई आफ्नो सम्बन्धित च्याप्टर समितिका बैठकहरूमा मात्र मतदान गर्ने अधिकार हुनेछ ।

**अनुच्छेद-६**
**वितीय व्यवस्थापन**

**धारा १: केन्द्रीय कार्यकारीणी समिति**

क) केन्द्रीय कार्यकारीणी समितिका बैंक खाता अध्यक्ष वा महासचिव र कोषाध्यक्ष सहित २ सदस्यहरूको अधिकृत हस्ताक्षरले चलाइनेछ । कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ ।

ख) पूर्व कोषाध्यक्षले आफ्नो पदावधि समाप्त भएको एक महिनाभित्र नयाँ निर्वाचित कोषाध्यक्षलाई वित्तीय विवरणहरू हस्तान्तरण गर्नुपर्नेछ ।

ग) केन्द्रीय कार्यकारीणी समितिले स्पष्ट उद्देश्य सहितको विशेष प्रयोजनका लागि कोष, ट्रस्ट ट पृष्ठ विभाग स्थापना गर्न सक्नेछ । यस्तो कोष, ट्रस्ट वा विभागको आवश्यक परेमा आफ्नै अलग बैंक खाता र आवश्यक निर्देशिकाहरू हुनेछ ।

घ) आम्दानी:

   १) दान र प्रकाशन बिक्री ।
   २) कार्यक्रमबाट सङ्कलित शुल्क ।
   ३) अन्य संस्थाहरू, संस्थानहरू, र व्यक्तिहरूबाट प्राप्त दान र अनुदान ।
   ४) साधारण सदस्यता शुल्कको सम्पुर्ण र आजीवन सदस्यता शुल्कको ५५% यदि सदस्यता केन्द्रीय समितिबाट वितरण गरिएको हो भने । बाँकि आजीवन सदस्यता शुल्कको ४५% केन्द्रीय कार्यकारीणी समितिले गठन गरेको आपतकालिन कोष वा निर्दिष्ट कोष, ट्रस्ट वा विभागहरूमा राखिनेछ ।
   ५) च्याप्टर समितिबाट सदस्यता वितरण गरिएको खण्डमा च्याप्टर समितिले सङ्कलन गरेको साधारण सदस्यता शुल्कको २५% र पठाइएको आजीवन सदस्यता शुल्कको ५०% मध्य ५% केन्द्रीय कार्यकारीणी समितिमा राखिनेछ भने बाँकि ४५% चाहि केन्द्रीय कार्यकारीणी समितिले गठन गरेको आपतकालिन कोष वा निर्दिष्ट कोष, ट्रस्ट वा विभागहरूमा राखिनेछ ।

ङ) कोष केन्द्रीय कार्यकारीणी समितिको निर्णय, नियम, निर्देशन वा विनियम अनुसार प्रयोग गरिनेछ ।

च) आवश्यक परे च्याप्टर समितिलाई केन्द्रीय कार्यकारीणी समितिले वित्तीय सहायता उपलब्ध गराउनेछ ।

छ) केन्द्रीय कार्यकारीणी समितिले आफ्नो वित्तीय रिपोर्ट वार्षिक साधारण सभा र राष्ट्रिय सम्मेलनमा प्रस्तुत गर्नेछ ।

**धारा २: च्याप्टर कार्यकारीणी समिति**

क) सम्बन्धित च्याप्टर समितिहरूले आफ्नै बैंक खाता राख्नेछन र अध्यक्ष वा सचिव तथा कोषाध्यक्षसहित २ सदस्यहरूको अधिकृत हस्ताक्षरबाट सञ्चालन गर्नेछन् । कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ ।

ख) सम्बन्धित च्याप्टर समितिको निर्वाचनपछि एक महिनाभित्र पूर्व कोषाध्यक्षले नयाँ निर्वाचित कोषाध्यक्षलाई वित्तीय विवरणहरू हस्तान्तरण गर्नुपर्नेछ । पृष्ठ

ग) आम्दानी:

१) दान तथा प्रकाशनको बिक्री ।
२) कार्यक्रमहरूबाट सङ्कलित शुल्कहरू ।
३) अन्य संस्थाहरू, संस्थानहरू, तथा व्यक्तिहरूबाट प्राप्त दान तथा अनुदान ।
४) च्याप्टर समितिबाट सङ्कलन गरिएका साधारण सदस्यता शुल्कको ७५% र आजीवन सदस्यता शुल्कको ५०% च्याप्टर समितिले राख्नेछ । यसको अर्थ बाँकी २५% साधारण सदस्यता शुल्क र अन्य ५०% आजीवन सदस्यता शुल्क केन्द्रीय समितिलाई बुझाउनु पर्नेछ ।

घ) कोष च्याप्टर कार्यकारीणी समितिका निर्णयहरू अनुसार प्रयोग गरिनेछ ।

ङ) आवश्यक परे च्याप्टर समितिले केन्द्रीय कार्यकारीणी समितिलाई वित्तीय सहयोग उपलब्ध गराउनेछ ।

च) च्याप्टर समितिले आफ्नो वित्तीय प्रतिवेदन वार्षिक साधारण सभा तथा राष्ट्रिय सम्मेलनमा प्रस्तुत गर्नेछ ।

**धारा ३: केन्द्रीय कार्यकारीणी समितिद्वारा गठन गरिएका कोष, ट्रस्ट वा विभाग**

केन्द्रीय समिति र च्याप्टर समितिहरूले केन्द्रीय कार्यकारीणी समितिको स्वीकृत नियम, विनियम वा निर्देशन अनुसार गठन गरिएका एक वा बढी निर्दिष्ट कोष, ट्रस्ट वा विभागहरूलाई आजीवन सदस्यता शुल्कको ४५% प्रदान गर्नेछन् ।

**धारा ४: लेखापरीक्षण**

क) मगरयूएसएको वित्तीय खाता पुस्तिकाहरूलाई प्रत्येक वर्ष प्रमाणित लेखापरिक्षकद्वारा समीक्षा र लेखापरीक्षण गरिनेछ र सो प्रतिवेदन वार्षिक साधारण सभा तथा राष्ट्रिय सम्मेलनमा प्रस्तुत गर्नुपर्नेछ ।
ख) च्याप्टरहरूको वित्तीय खाता प्रत्येक वर्ष केन्द्रीय समितिद्वारा समीक्षा र प्रमाणित गरिनेछ । सो वित्तीय प्रतिवेदन केन्द्रीय कार्यकारीणी समिति र आवश्यकतानुसार अन्य सम्बन्धित निकायहरूमा पेश गर्नुपर्नेछ ।
ग) कोष, ट्रस्ट वा विभागहरूको वित्तीय खाता केन्द्रीय कार्यकारीणी समितिद्वारा नियुक्त वा गठन पृष्ठ गरिएको लेखापरीक्षण समितिद्वारा समीक्षा तथा लेखापरीक्षण गरिनेछ । यस्ता कोष, ट्रस्ट वा विभागहरूको वित्तीय प्रतिवेदन केन्द्रीय कार्यकारीणी समितिमा पेश गर्नुपर्नेछ ।

**धारा ५: अधिकार प्राप्त हस्ताक्षरहरू**

केन्द्रीय कार्यकारीणी समिति वा च्याप्टर समितिको कुनै पनि चेक लेख्न वा बैंक खाताबाट रकम झिक्न तीनजना बैंकमा दर्ता गरिएका सदस्यहरूमध्ये दुईजना अधिकृत हस्ताक्षरको अनुमति चाहिन्छ । ती तीनजना अधिकृत पदाधिकारीहरूमा अध्यक्ष वा महासचिव (केन्द्रीय समिति)/सचिव (च्याप्टर समिति) र सम्बन्धित समितिका कोषाध्यक्ष रहनेछन् । दुवै तहका समितिहरूका लागि कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ । दुई अधिकृत हस्ताक्षरहरूको प्राथमिकता क्रम यस प्रकार हुनेछः

क) अध्यक्ष र कोषाध्यक्ष ।
ख) महासचिव वा सचिव र कोषाध्यक्ष ।
ग) कोष, ट्रस्ट वा विभागको बैंक खाता सञ्चालन गर्न, सम्बन्धित नियम, विनियम र निर्देशिका अनुसार दुई अधिकृत हस्ताक्षरहरूको प्राथमिकता क्रम निर्धारण गर्ने अधिकार केन्द्रीय कार्यकारीणी समितिसँग हुनेछ ।

## अनुच्छेद–७
## सम्बद्ध सदस्यता

**धारा १: सम्बद्ध सदस्यता**

सम्बद्ध सदस्यता मगर समुदायसँग सम्बन्धित संस्थाहरूलाई प्रदान गरिनेछ । यस्तो संलग्न सदस्यता दुई संस्थाहरूबीचको आपसी समझदारीमा आधारित हुनेछ जसअनुसार तिनीहरूले आपसमा सहयोग पुऱ्याउँदै समुदाय कल्याणका कार्यहरूमा सहकार्य गर्नेछन् ।

**धारा २: सदस्यता समाप्ति**

सम्बद्ध सदस्यता बाध्यकारी हुने छैन । यस्ता सदस्यता जुनसुकै समयमा समाप्त हुन सक्छ यदि सहभागी कुनै एक संस्थाले अर्को संस्थासँग आबद्ध रहन नचाहेमा ।

## अनुच्छेद–८
## कार्यकारीणी समिति



**धारा १: केन्द्रीय कार्यकारीणी समिति**

यो संघ केन्द्रीय कार्यकारीणी समितिबाट सञ्चालित हुनेछ, जुन निम्न सदस्यहरूले गठन गरिएको हुनेछः

१) अध्यक्ष – १
२) वरिष्ठ उपाध्यक्ष – १
३) क्षेत्रीय उपाध्यक्ष (पूर्वी, मध्य र पश्चिम क्षेत्र) – ३
४) उपाध्यक्ष (भाषा) – १
५) उपाध्यक्ष (महिला) – १
६) महासचिव – १
७) सचिव – २
८) कोषाध्यक्ष – १
९) सह–कोषाध्यक्ष – १
१०) सदस्यहरू – ७

**धारा २: केन्द्रीय कार्यकारीणी समितिको निर्वाचन**

राष्ट्रिय महाधिवेशनले माथि उल्लेखित १९ जना केन्द्रीय कार्यकारीणी समिति सदस्यहरूको निर्वाचन वा मनोनयन गर्नेछ । साथै, सबै च्याप्टर समितिका अध्यक्षहरू केन्द्रीय कार्यकारीणी समितिका पदेन सदस्यहरू हुनेछन् ।

**धारा ३: अन्य पदहरूमा निषेध**

मगरयूएसए केन्द्रीय कार्यकारीणी समितिका सदस्यहरूले अन्य कुनै प्रतिस्पर्धी संघ वा संस्थामा पद सम्हाल्न पाइने छैन । यदि यस्ता कुराहरू प्रमाणित भएमा सम्बन्धित पदाधिकारीले एउटा पदबाट राजीनामा दिनुपर्नेछ ।

**धारा ४: केन्द्रीय समितिको कर्तव्य र दायित्व**

केन्द्रीय कार्यकारी समिति निम्न कार्यहरूका लागि जिम्मेवार हुनेछः

क) कार्यकालका लागि लक्ष्य र कार्य योजनाहरू कार्यक्रम, कार्यान्वयन, अनुगमन/अनुसरणसहित तयार पार्ने ।

ख) साधारण सभाले अघि सारेका निर्देशनहरू, भविष्य रणनीतिहरू, र योजनाहरू कार्यान्वयन गर्ने ।

ग) विशेष तथा वार्षिक सभाहरू तथा केन्द्रीय कार्यकारीणी समितिद्वारा गरिएका निर्णयहरू कार्यान्वयन गर्ने ।

घ) साधारण, वार्षिक तथा विशेष सभाहरू आह्वान गर्ने ।

ङ) कर्मचारीहरू नियुक्त गर्ने र तिनीहरूको कर्तव्य, जिम्मेवारी तथा अधिकार तोक्ने । पृष्ठ ११

च) सभाहरूका लागि वित्तीय तथा संस्थागत प्रतिवेदनहरू तयार गर्ने ।

छ) संघको विधान अनुसार कार्य गर्ने ।

ज) संघको उद्देश्य तथा लक्ष्यहरू पुरा गर्ने ।

झ) अन्य संस्थाहरू सँग सहकार्य गर्ने र संयुक्त रूपमा कार्य गर्ने ।

ञ) संघका मुख्य कार्यक्रमहरू आयोजना गर्ने ।

ट) आवश्यक परे खाली पदहरूमा अन्य सदस्यहरू नियुक्त गर्ने ।

ठ) संघको विधानमा संशोधन प्रस्ताव तयार गरी साधारण सभामा पेश गर्ने ।

ड) च्याप्टर समितिहरूलाई सहयोग, निर्देशन, अवलोकन तथा अनुगमन गर्ने ।

ढ) नयाँ केन्द्रीय कार्यकारीणी समितिको निर्वाचन गर्ने ।

ण) संघको लक्ष्य तथा उद्देश्यहरू पूरा गर्न आवश्यक अनुसार विभिन्न उप–समितिहरू (जस्तै, सल्लाहकार समिति, विशेषज्ञ समिति, आपतकालीन घुम्ती कोष समिति, छात्रवृत्ति समिति) गठन गर्ने ।

**धारा ५: पदाधिकारीहरूको कर्तव्य र दायित्व**

केन्द्रीय कार्यकारीणी समितिका पदाधिकारीहरू समितिका सबै बैठकहरू तथा राष्ट्रिय महाधिवेशनमा मतदान गर्ने अधिकार राख्दछन् ।

**क) अध्यक्षको कर्तव्य र जिम्मेवारीहरू:**

१) संघको समितिलाई समग्र नेतृत्व प्रदान गर्ने ।

२) संघका सबै साधारण तथा विशेष सभाहरू आह्वान गर्ने र सभापतित्व गर्ने ।

३) विशेष समिति तथा कार्यदल गठन गर्ने र तिनमा सदस्यहरू नियुक्त गर्ने ।

४) महासचिव तथा कोषाध्यक्षसँग सहकार्य गरी संघका प्रतिवेदन तथा अभिलेखहरू तयार गर्ने ।

५) संघको आधिकारिक प्रतिनिधिको रूपमा कार्य गर्ने ।

**ख) वरिष्ठ उपाध्यक्षको कर्तव्य र जिम्मेवारीहरू:**

१) संघको कार्य सञ्चालनमा अध्यक्षलाई सहयोग गर्ने ।
२) अध्यक्ष अनुपस्थित, राजीनामा वा असमर्थ भएको अवस्थामा अध्यक्षको कार्यभार सम्हाल्ने ।

पृष्ठ १२

**ग) उपाध्यक्ष (क्षेत्रीय) को कर्तव्य:** क्षेत्रीय मगरहरू र च्याप्टर समितिहरूसँग समन्वय तथा नेतृत्व गर्ने ।

**घ) उपाध्यक्ष (भाषा) को कर्तव्य:** मगर भाषा ढुट, खाम (पाङ), र काइके बोली बोल्ने मगरहरूलाई समन्वय गरी मगर भाषाको संरक्षण गर्ने ।

**ङ) उपाध्यक्ष (महिला) को कर्तव्य:** अन्य मगर महिला तथा केटीहरूलाई सशक्त बनाउने उद्देश्यले समन्वय गर्ने ।

**च) महासचिवको कर्तव्य:**

१) संघका सबै साधारण र विशेष सभाहरूका एजेन्डाहरू तयार गर्ने ।
२) सबै साधारण र विशेष सभाहरूको निर्णय पुस्तिका (माइन्युटहरू) तयार गरी प्रस्तुत गर्ने ।
३) वार्षिक साधारण सभामा प्रस्तुत गर्नका लागि संघका गतिविधिहरूको वार्षिक प्रतिवेदन तयार गर्ने ।
४) सबै सदस्यहरूको सूची सङ्कलन गर्ने ।
५) अध्यक्षको निर्देशनअनुसार संघका लागि पत्राचार गर्ने र प्रशासनिक कामहरू गर्ने ।
६) संघको विधानको प्रतिलिपि राख्ने र आवश्यक परे सबै सदस्यहरूलाई उपलब्ध गराउने ।

**छ) सचिवको कर्तव्य:**

१) महासचिवलाई आवश्यक परे सहयोग गर्ने ।
२) महासचिव अनुपस्थित, राजीनामा वा असमर्थ भएमा महासचिवका कर्तव्यहरू सम्हाल्ने ।
३) च्याप्टरहरूलाई सदस्यहरूको विवरण र सदस्यता अद्यावधिक गर्न निर्देशन दिने ।

दुई सचिवहरूले आवश्यक परे र केन्द्रीय कार्यकारीणी समितिद्वारा तोकिए अनुसार फरक–फरक कर्तव्य र जिम्मेवारीहरू निर्वाह गर्न सक्नेछन् ।

**ज) कोषाध्यक्षको कर्तव्य:**

१) च्याप्टर समितिहरू र आजीवन सदस्यहरूबाट सदस्यता शुल्क संकलन गर्ने ।

२) सबै सदस्यहरूको अभिलेख राख्ने ।

३) संघलाई विभिन्न स्रोतबाट आउने रकमहरू प्राप्त गर्ने र रसिद प्रदान गर्ने । पृष्ठ १३

४) सबै रकम संघको नाममा बैंकमा जम्मा गर्ने ।

५) संघका कर्तव्य पूरा गर्न चेक लेख्ने र कोष वितरण गर्ने । तर, बोर्डको स्वीकृति बिना संघको खाताबाट कोष निकासा गर्न सकिंदैन ।

६) संघका वित्तीय लेनदेनहरूको वार्षिक प्रतिवेदन तयार गर्ने; पदाधिकारीहरू, निर्देशकहरू र लेखापरीक्षकहरूको अनुरोधमा वित्तीय अभिलेख, बैंकबुक, भौचर आदिको समीक्षा गर्न तयार रहने ।

७) कोष संकलन समितिसँग समन्वय गर्ने र सुझाव दिने ।

८) कार्यक्रम योजना समिति, विभाग वा कार्यकारीणी समितिले तोकेको उप–समितिले प्रस्ताव गरेको कार्यक्रम तथा परियोजनाको लागत समीक्षा गर्ने ।

९) विभागहरू, उप–समितिहरू, र च्याप्टरहरूद्वारा पेश गरिएका खर्च, रसिद, बिल र वित्तीय प्रतिवेदनहरूको चेक तथा सन्तुलन कायम गर्ने ।

**झ) सह–कोषाध्यक्षको कर्तव्य:**

१) कोषाध्यक्षलाई आवश्यक परे सहयोग गर्ने ।

२) वित्तीय अभिलेखहरू अद्यावधिक राख्ने ।

३) कोषाध्यक्ष अनुपस्थित, राजीनामा वा असमर्थ भएमा कोषाध्यक्षका कर्तव्यहरू सम्हाल्ने ।

**ञ) कार्यकारीणी सदस्यहरूको कर्तव्य:**

१) कार्यकारीणी समितिले तोकेको कुनै पनि खाली पद सम्हाल्न तयार हुने ।

२) आवश्यक परे अन्य पदाधिकारीहरूलाई सहयोग गर्ने ।

**धारा ६: पदावधि**

क) कार्यकाल दुई वर्षको हुनेछ ।

ख) कुनै सदस्यले दुई पटकभन्दा बढी लगातार कार्यकाल सम्हाल्न सक्नेछन् ।

ग) वर्तमान पदाधिकारीले एउटै पदका लागि एकभन्दा बढी पटक उम्मेदवारी दिन सक्नेछन् ।

घ) यदि प्राकृतिक प्रकोप, महामारीजस्ता मगरयूएसएको नियन्त्रणबाहिरका कारणले राष्ट्रिय महाधिवेशन गर्न नसकिने अवस्था आएमा, केन्द्रीय कार्यकारीणी समितिले महाधिवेशन हुन सक्ने अवस्था नआएसम्म कार्यकाल निरन्तरता दिनेछ । तल **अनुच्छेद १०, धारा ४** मा उल्लेख भएअनुसार, यदि दुई-तिहाइ सदस्यहरूले महाधिवेशन बोलाउन निवेदन गरेमा, त्यो सकेसम्म चाँडो बोलाइनुपर्नेछ ।

पृष्ठ १४

**धारा ७: निष्कासन नीति**

क) कुनै पनि समिति सदस्यलाई निष्कासन गर्नका लागि समितिको दुई-तिहाइ बहुमतले समर्थन गरेमा सो सदस्य पदमुक्त गर्न सकिनेछ ।

ख) यदि कुनै सदस्यले आफ्नो जिम्मेवारी अनुसार काम नगरेमा र सो सम्बन्धमा तीनवटा लिखित उजुरीहरू प्राप्त भएमा, समितिले बैठक बोलाई दाबी र बचाउको समीक्षा गरेर पद समाप्ति नीति लागू गर्न सक्नेछ ।

ग) कुनै पनि समिति सदस्यले स्वयं पदत्याग गर्न चाहेमा उनले समिति बैठक बोलाई त्यसको स्वीकृति लिएपछि पदत्याग गर्न सक्नेछन् ।

**धारा ८: आचारसंहिता**

सबै पदाधिकारीहरूले केन्द्रीय कार्यकारीणी समितिका सबै बैठकहरूमा उपस्थित हुनु पर्नेछ । कुनै पनि पदाधिकारीले पूर्वसूचना बिना लगातार तीन वटा बैठकहरूमा अनुपस्थित भएमा उनलाई अन्य सदस्यहरूको सल्लाहअनुसार पदबाट हटाउन सकिनेछ ।

**धारा ९: पारिश्रमिक तथा ऋण**

केन्द्रीय कार्यकारीणी समिति, विभागहरू वा उप–समितिहरूका सदस्यहरूलाई संघमा पुऱ्याएको सेवाको लागि कुनै पनि पारिश्रमिक दिइने छैन । र केन्द्रीय कार्यकारीणी समिति र निर्देशक मण्डल तथा वार्षिक साधारण सभा (ए.जि.एम.) का सदस्यहरूको दुई-तिहाइ बहुमतले पूर्व स्वीकृति नदिएसम्म संघको नाममा कुनै पनि सदस्य, निर्देशक, वा कार्यकारीणी समिति/बोर्डका सदस्यलाई कुनै प्रकारको ऋण दिइने छैन, न त कुनै सदस्यले संघको नाममा ऋण लिन सक्नेछन् ।

**अनुच्छेद-९**
**च्याप्टरहरू र तिनका समिति**

सबै च्याप्टर समितिहरू मगर एसोसिएसन यूएसए, इन्क. को सहायक अंग हुन् । च्याप्टरका सबै गतिविधिहरू मूल संघको विधानद्वारा नियमन र निर्देशित गरिनेछ। च्याप्टर समि आवश्यकताअनुसार मूल संघको उद्देश्य, दृष्टिकोण र गतिविधिहरूलाई प्रवर्द्धन, समर्थन तथा विकेन्द्रित गर्न तथा अमेरिकाको विभिन्न राज्यहरूमा बसोबास गर्ने अधिकतम मगर समुदायसम्म पुग्नका लागि गठन गरिन्छन् ।

**धारा १: च्याप्टर समिति**

संघको केन्द्रीय कार्यकारीणी समितिले प्रत्येक राज्यमा एकभन्दा बढी च्याप्टर गठन गर्न स्वीकृति दिन सक्दछ । यदि कुनै क्षेत्रमा मगर जनसंख्या ठूलो छ र तिनीहरूबीचको आपसी सम्पर्क सहज छ भने एकभन्दा बढी राज्यहरूलाई एकै च्याप्टर समितिमा समेट्न सकिनेछ । एक च्याप्टर समितिमा कम्तीमा ९ र बढीमा १५ सदस्यहरू हुनेछन् । च्याप्टर समितिहरू आफ्ना च्याप्टरद्वारा शासित हुनेछन् । प्रत्येक च्याप्टर कार्यकारीणी समिति निम्न सदस्यहरूबाट बनेको हुनेछः

१) अध्यक्ष – १
२) उपाध्यक्ष – १ वा २
३) सचिव – १
४) सह–सचिव – १ वा २
५) कोषाध्यक्ष – १
६) सह–कोषाध्यक्ष – १
७) सदस्यहरू – १ देखि ९ सम्म

यदि आवश्यक पर्‍यो भने, कुनै पनि च्याप्टर समितिमा थप उपाध्यक्ष र/वा थप सह-सचिव (प्रत्येक पदका लागि अधिकतम दुई जना) राख्न सकिन्छ। कुनै पनि च्याप्टरले आफ्नो आवश्यकताअनुसार समितिको सदस्य सङ्ख्या न्यूनतम ९ र अधिकतम १५ को सीमाभित्र रही पदहरू पुनः संरचना गर्न सक्छ।

**धारा २: च्याप्टर समितिको कर्तव्य र दायित्व**

च्याप्टर समितिको पहिलो साधारण बैठकले सकेसम्म सहमतिको आधारमा समिति गठन गर्ने प्रयास गर्नेछ; अन्यथा निर्वाचन प्रक्रियाद्वारा गठन गरिनेछ। च्याप्टर समितिको दायित्व यसप्रकार हुनेछ:

क) आफ्ना च्याप्टर र संघको आवश्यक सबै बैठकहरू सञ्चालन गर्नु ।
ख) संघको साधारण सभाबाट अगाडि सारिएका निर्देशनहरू, भावी रणनीतिहरू, तथा योजनाहरू कार्यान्वयन गर्नु ।
ग) च्याप्टर समितिको विशेष र वार्षिक साधारण सभामा तथा केन्द्रीय कार्यकारीणी समितिबाट गरिएका निर्णयहरू कार्यान्वयन गर्नु ।
घ) साधारण, वार्षिक, तथा विशेष साधारण सभा बोलाउनु ।
ङ) कर्मचारी नियुक्त गर्नु तथा तिनीहरूका कर्तव्य, अधिकार, र जिम्मेवारी तोक्नु ।



च) बैठकहरूको लागि वित्तीय तथा संस्थागत प्रतिवेदन तयार गर्नु ।
छ) संघको विधान अनुसार कार्य गर्नु ।
ज) संघको उद्देश्य र लक्ष्यहरू पुरा गर्नु ।
झ) च्याप्टर समितिको सबै कार्यक्रमहरू आयोजना गर्नु ।
ञ) आवश्यक परेमा रिक्त पदमा अर्को सदस्य नियुक्त गर्नु।
ट) आवश्यकता अनुसार विभागहरू/उप-समितिहरू गठन गर्नु ।
ठ) निर्वाचन अधिकृत (ई.सी.) नियुक्त गरेर नयाँ समिति चयन गर्नु ।

**धारा ३: पदाधिकारीहरूको कर्तव्य र दायित्व**

क) **अध्यक्षको जिम्मेवारीहरू:**

१) च्याप्टर समितिका सबै साधारण र विशेष बैठकहरू आह्वान गर्नु र अध्यक्षता गर्नु ।
२) विशेष समितिहरू र कार्यदल गठन गर्नु र सदस्यहरू नियुक्त गर्नु ।
३) सचिव र कोषाध्यक्षसँग मिलेर च्याप्टर समितिका प्रतिवेदनहरू र अभिलेखहरू तयार गर्नु ।
४) संघका सबै कार्यक्रममा च्याप्टर समितिको आधिकारिक प्रतिनिधिको रूपमा कार्य गर्नु ।

**ख) उपाध्यक्षको जिम्मेवारीहरू:**

१) च्याप्टर समितिको सञ्चालनमा अध्यक्षलाई सहयोग गर्नु ।
२) अध्यक्ष अनुपस्थित, राजीनामा वा असमर्थ भएमा अध्यक्षको कर्तव्य तथा जिम्मेवारीहरू ग्रहण गर्नु ।

**ग) सचिवको जिम्मेवारीहरू:**

१) च्याप्टर समिति र संघका सबै साधारण तथा विशेष बैठकहरूको कार्यसूची तयार गर्नु ।
२) च्याप्टर समितिका सबै बैठकहरूको कार्यविवरण (निर्णय पुस्तिका / माइन्युटहरू) तयार गर्नु र प्रस्तुत गर्नु ।
३) संघको वार्षिक साधारण सभामा प्रस्तुत गर्ने च्याप्टर समितिको वार्षिक प्रतिवेदन तयार गर्नु ।
४) च्याप्टर समितिका सबै सदस्यहरूको नामावली तयार गर्नु ।
५) पत्राचारको तयारी तथा सञ्चालन गर्नु ।
६) अध्यक्षको निर्देशनअनुसार प्रशासनिक कार्यहरू गर्नु ।

पृष्ठ १७

**घ) सह–सचिवको जिम्मेवारीहरू:**

१) आवश्यक पर्दा सचिवलाई सहयोग गर्नु ।
२) सचिव अनुपस्थित, राजीनामा वा असमर्थ भएमा सचिवका जिम्मेवारीहरू पूरा गर्नु ।

**ङ) कोषाध्यक्षको जिम्मेवारीहरू:**

१) च्याप्टर समितिका सबै सदस्यहरूबाट सदस्यता शुल्क संकलन गर्नु ।
२) सबै सदस्यहरूको अभिलेख राख्नु ।
३) च्याप्टर समितिलाई प्राप्त हुने रकमका लागि रसिद दिनु र प्राप्त गर्नु ।
४) सबै रकम च्याप्टर समितिको नाममा बैंकमा जम्मा गर्नु ।
५) च्याप्टर समितिको दायित्व पूरा गर्न चेक काट्ने र रकम भुक्तानी गर्ने । यद्यपि, च्याप्टर समितिको खाता बाट रकम निकासा गर्न समितिको स्वीकृति अनिवार्य हुन्छ ।
६) च्याप्टर समितिको वार्षिक वित्तीय कारोबार प्रतिवेदन तयार पार्ने ।
७) समितिका पदाधिकारी, निर्देशक तथा लेखा परीक्षकको अनुरोधमा च्याप्टर समितिको वित्तीय अभिलेखहरू, बैंक पुस्तकहरू, रसिदहरू आदि समीक्षा गर्नका लागि उपलब्ध गराउन तयार रहनु ।
८) कोष संकलन समितिसँग समन्वय गर्नु र आवश्यक सुझावहरू प्रदान गर्नु ।
९) कार्यक्रम तथा आयोजन समिति वा अन्य समितिहरूद्वारा प्रस्ताव गरिएका कार्यक्रमहरूको लागत अध्ययन गर्नु ।
१०) विभागहरू र उप-समितिहरूद्वारा प्रस्तुत गरिएका खर्च, रसिद, बिल तथा वित्तीय प्रतिवेदनहरूको लेखा परीक्षण र सन्तुलन कायम राख्नु ।

**च) सह–कोषाध्यक्षको जिम्मेवारीहरू:**

१) कोषाध्यक्षलाई आवश्यकता परेको बेलामा सघाउने ।
२) वित्तीय अभिलेखहरू अद्यावधिक राख्ने ।
३) कोषाध्यक्ष अनुपस्थित, राजीनामा दिएको, वा काम गर्न असमर्थ भएको अवस्थामा उनका सबै जिम्मेवारीहरू सम्हाल्ने ।



**छ) सदस्यहरूको जिम्मेवारीहरू:**

१) समितिले निर्णय गरेअनुसार खाली पदहरू सम्हाल्न तयार रहनु ।
२) आवश्यक परे अन्य पदाधिकारीहरूलाई सहयोग गर्नु ।

**धारा ४: पदावधि**

१) पदावधि दुई वर्षको हुनेछ ।
२) एक सदस्यले दुई कार्यकाल भन्दा बढी पटक पदमा रहन सक्नेछ ।
३) हाल पदमा रहेकाले सोही पदमा पुनः उम्मेदवारी दिन सक्नेछन् ।

**धारा ५: निष्कासन नीति**

१) यदि दुई तिहाइ सदस्यहरूले समर्थन गरेमा कुनै पनि पदाधिकारीलाई पदबाट हटाउन सकिनेछ ।
२) यदि कुनै सदस्यले आफ्नो जिम्मेवारी अनुसार काम नगरेमा र सो सम्बन्धमा तीनवटा लिखित उजुरीहरू प्राप्त भएमा, समितिले बैठक बोलाई दाबी र बचाउको समीक्षा गरेर पद समाप्ति नीति लागू गर्न सक्नेछ ।
३) समितिको बैठक बोलाई र समितिबाट स्वीकृति पाएर पदाधिकारीले स्वेच्छाले पद परित्याग गर्न सक्नेछन् ।

**धारा ६: आचारसंहिता**

सबै पदाधिकारीहरूले समिति बैठकहरूमा अनिवार्य रूपमा सहभागी हुनुपर्छ । यदि कुनै पदाधिकारीले पूर्व जानकारी बिना लगातार तीनवटा बैठकहरूमा अनुपस्थित रहेमा अन्य सदस्यहरूको सिफारिसमा उक्त पदाधिकारीलाई पदबाट हटाउन सकिनेछ ।

**धारा ७: पारिश्रमिक र ऋण**

कुनै पनि च्याप्टर समिति, विभाग वा उपसमितिका सदस्यहरूलाई च्याप्टरप्रति उनीहरूले गरेको सेवाका लागि कुनै पारिश्रमिक दिइने छैन । साथै, च्याप्टरले कुनै सदस्य, निर्देशक, समिति वा बोर्डका सदस्यहरूलाई कुनै प्रकारको ऋण उपलब्ध गराउने छैन, न त ती सदस्यहरूले च्याप्टरको नाममा कुनै ऋण लिन सक्नेछन्, जबसम्म च्याप्टर समितिको दुई-तिहाइ बहुमतको पूर्वस्वीकृति प्राप्त गरिएको छैन ।

## अनुच्छेद-१०
## बैठकहरू

पृष्ठ १९

सबै बैठकहरू केन्द्रीय कार्यसमिति अध्यक्ष वा उहाँको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्ष तथा च्याप्टर समितिका उपाध्यक्षले अध्यक्षता गर्नेछन् । केन्द्रीय समितिका महासचिवले बोर्डका सबै बैठकहरूको सचिवको रूपमा कार्य गर्नेछन्, र च्याप्टर समितिका सचिवले च्याप्टर समितिका सबै बैठकहरूको सचिवको रूपमा कार्य गर्नेछन् । यद्यपि, उनी अनुपस्थित भएमा अध्यक्षता गरिरहेको अधिकृतले अर्को व्यक्तिलाई सचिवको रूपमा नियुक्त गर्न सक्नेछ ।

**धारा १: राष्ट्रिय अधिवेशन (महाधिवेशन)**

क) यो प्रत्येक दुई वर्षमा एक पटक संघको केन्द्रीय कार्यसमितिद्वारा आयोजना गरिनेछ ।
ख) यसमा संघको केन्द्रीय कार्यसमितिका अध्यक्षले अध्यक्षता गर्नेछन् ।
ग) यो संघको सर्वोच्च निकाय हुनेछ ।
घ) च्याप्टर समितिका अध्यक्षले आफ्नो च्याप्टर समितिको प्रगति प्रतिवेदन प्रस्तुत गर्नेछन् ।
ङ) संघभित्र र बाहिरबाट केही पाहुनाहरू र पर्यवेक्षकहरूलाई महाधिवेशनमा भाग लिनका लागि निमन्त्रणा गर्न सकिनेछ ।
च) यसले नयाँ केन्द्रीय कार्यसमिति चयन गर्नेछ ।
छ) यसले विगतका कार्यक्रमहरू र प्रगतिहरूको समीक्षा गरी आगामी उद्देश्यहरू र निर्देशहरू अघि सार्नेछ ।
ज) प्रत्येक च्याप्टर समितिले महाधिवेशनका लागि न्यूनतम $१५००.०० (पन्ध्र सय अमेरिकी डलर) योगदान गर्नुपर्नेछ ।
झ) महाधिवेशन जुलाईपछि, सम्भव भएसम्म अगस्ट महिनामा आयोजना गरिनेछ ।

**धारा २: वार्षिक साधारण सभा (ए.जि.एम.)**

क) वार्षिक साधारण सभा (ए.जि.एम.) हरेक आर्थिक वर्षमा बोलाइनेछ तर राष्ट्रिय महाधिवेशन हुने वर्षमा भने ए.जि.एम. बोलाइने छैन ।

ख) उक्त सभा केन्द्रीय कार्यसमितिका अध्यक्षद्वारा अध्यक्षता गरिनेछ ।

ग) सबै च्याप्टर समिति र केन्द्रीय कार्यसमितिले ए.जि.एम. मा वित्तीय तथा प्रगति प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

घ) सभाले केन्द्रीय कार्यसमितिलाई आवश्यक सुझावहरू र निर्देशनहरू प्रदान गर्नेछ ।

ङ) सभाले बाइ-लज (विधान) मा गरिनुपर्ने संशोधनहरू प्रक्रियागत रूपमा अघि बढाउने र स्वीकृत गर्नेछ ।

च) प्रत्येक च्याप्टर समितिले ए.जि.एम. र राष्ट्रिय अधिवेशनका लागि न्यूनतम $१५००.०० (प[illegible] सय अमेरिकी डलर) योगदान गर्नुपर्नेछ ।

पृष्ठ २०

छ) ए.जि.एम. जुलाईपछि, सम्भव भएसम्म अगस्ट महिनामा आयोजना गरिनेछ ।

ज) विशेष परिस्थितिमा ए.जि.एम. भर्चुअल माध्यमबाट पनि आयोजना गर्न सकिनेछ ।

**धारा ३: च्याप्टर समितिको वार्षिक साधारण सभा (ए.जि.एम.)**

क) प्रत्येक च्याप्टर समितिले हरेक वर्ष वार्षिक साधारण सभा (ए.जि.एम.) आयोजना गर्नुपर्छ र उक्त सभाको अध्यक्षता च्याप्टर समितिका अध्यक्षले गर्नु पर्नेछ । सभामा च्याप्टरको वित्तीय प्रतिवेदन प्रस्तुत गरिनेछ र विगतका गतिविधिहरू तथा भविष्यका योजनाहरूको छलफल गरिनेछ ।

ख) प्रत्येक च्याप्टर समितिले प्रत्येक २ वर्षमा एकपटक साधारण अधिवेशन बोलाउनु पर्नेछ र नयाँ समिति निर्वाचित गर्नु पर्नेछ । च्याप्टर समितिका साधारण सदस्यहरू मतदान गर्न तथा आफूलाई कुनै पनि पदको लागि मनोनयन वा चुनाव गर्न योग्य हुन्छन् ।

ग) सबै च्याप्टर समितिहरूले आफ्नो ए.जि.एम. केन्द्रीय समितिको ए.जि.एम. हुनुभन्दा पहिले सम्पन्न गरिसक्नुपर्नेछ ।

घ) ए.जि.एम. जुलाईपछि, सम्भव भएसम्म अगस्ट महिनामा आयोजना गरिनेछ ।

**धारा ४: विशेष राष्ट्रिय अधिवेशन**

क) विशेष राष्ट्रिय अधिवेशन केन्द्रीय कार्यसमिति वा साधारण तथा आजीवन सदस्यहरूको दुई-तिहाइ बहुमतको लिखित अनुरोधमा विशेष कार्यसूचीसहित बोलाउन सकिनेछ । त्यस्तो विशेष सभामा छलफल गरिने कार्यहरू विशेष सूचना वा कार्यसूचीमा उल्लेख गरिनुपर्नेछ र अन्य कुनै कार्यहरु छलफल गरिने छैनन् ।

ख) यदि केन्द्रीय कार्यसमितिले असाधारण परिस्थितिको कारण (जस्तै महामारी वा प्राकृतिक प्रकोप) नियमित समयावधिमा राष्ट्रिय अधिवेशन (महाधिवेशन) बोलाउन नसकेको खण्डमा विशेष राष्ट्रिय अधिवेशनलाई नियमित महाधिवेशनको रूपमा सञ्चालन गर्न सकिनेछ । उक्त विशेष अधिवेशनबाट नयाँ कार्यसमिति गठन गर्न सकिनेछ वा बाइ-लज (विधान), कोष, ट्रस्ट वा विभागसँग सम्बन्धित निर्देशिका, नियम तथा विनियमहरू पारित वा संशोधन गर्न सकिनेछ ।

**धारा ५: मतदान**

कुनै पनि सभामा छलफल गरिएका विषयवस्तुहरू सहभागिहरूको साधारण बहुमतले पारित हुनेछन् ।

**धारा ६: सूचनाहरू**



क) राष्ट्रिय अधिवेशन (महाधिवेशन) को सूचना कम्तीमा ६० दिनअघि पठाइनु पर्नेछ ।
ख) च्याप्टर समितिको वार्षिक साधारण सभा (ए.जि.एम.) को सूचना कम्तीमा ६० दिनअघि पठाइनु पर्नेछ ।
ग) विशेष अधिवेशनको सूचना कम्तीमा १५ दिनअघि पठाइनु पर्नेछ ।
घ) सबै सूचनाहरू सदस्यहरूको अन्तिम सूचित ठेगानामा पत्र, ईमेल, फोन वा फैक्समार्फत पठाइनुपर्नेछ ।

**धारा ७: निर्णय पुस्तिका (माइन्युटहरू)**

निर्णय पुस्तिका केन्द्रीय कार्यसमिति, आपतकालीन कोष समिति, र च्याप्टर समितिहरूसँग रहनेछ । सम्बन्धित समितिका सचिवले सबै कागजात र लिइएका निर्णयहरूको विवरण अभिलेखमा राख्नुपर्नेछ ।

**धारा ८: गणपुरक सङ्ख्या (कोरम)**

बैठक सञ्चालन गर्ने वा प्रस्तावहरू पेश वा पारित गर्नुअघि समितिका कम्तीमा चार भागको तीन भाग (३/४) सदस्यको उपस्थितिमा कोरम पूरा भएको हुनुपर्छ । कोरम पुगेको बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतबाट गरिएका प्रत्येक कार्य वा निर्णय समितिको निर्णय मानिनेछ, जबसम्म संघको विधान, यस संविधान वा कानुनी प्रावधानहरूले कुनै विषयको स्वीकृतिका लागि उच्च प्रतिशत वा फरक मतदान नियमहरू आवश्यक ठहर गर्दैनन् । यदि दुई पटक लगातार बसेका बैठकहरूमा कोरम पूरा हुन सकेन भने, तेस्रो बैठकमा उपस्थित सदस्यहरूको संख्या नै कोरम मानिनेछ।

**अनुच्छेद-११**
**निर्वाचन**

**धारा १: निर्वाचन प्रकिया**

निर्वाचनका लागि, सबै समितिहरूले निर्वाचनभन्दा पहिला कम्तिमा ३ जना सदस्यहरूबाट बनेको एक निर्वाचन आयोग (निर्वाचन समिति - ई.सी.) गठन गर्नुपर्छ, जसका सदस्यहरू संघका सदस्यहरू हुनुपर्नेछ । निर्वाचन आयोगले आफैँबाट एक जनालाई प्रमुख निर्वाचन आयुक्त नियुक्त गर्नेछ । आयोगले संघको विधानअनुसार आफ्नो जिम्मेवारीहरू निर्वाह गर्नेछ ।

पृष्ठ २२

क) निर्वाचन आयोगले सबै पदहरूको उम्मेदवारमा महिलाहरूको समावेशी प्रतिनिधित्व अधिकतम सुनिश्चित गर्नेछ ।
ख) आयोगले निर्वाचनसम्बन्धी नियमहरू र प्रक्रिया सार्वजनिक गर्नेछ ।
ग) आयोगका सदस्यहरूले मतदान गर्न वा उम्मेदवारी दर्ता गर्न पाउने छैनन् ।
घ) मानार्थ र सम्बद्ध सदस्यहरूले कुनै पनि निर्वाचनमा भाग लिन पाउने छैनन् ।
ङ) सबै तह र पदहरूको निर्वाचनमा सम्भव भए सम्म सहमतिको प्रयास गरिनेछ; अन्यथा मतदान गरिनेछ । उम्मेदवार विजयी घोषित हुनका लागि सबैभन्दा नजिकको प्रतिस्पर्धीभन्दा कम्तीमा एक भोट बढी पाउनु पर्नेछ । यदि दुई उम्मेदवारबीच बराबरी भयो भने, शीर्ष दुई उम्मेदवारबीच दोस्रो चरणको मतदान हुनेछ । यदि दोस्रो चरणपछि पनि बराबरी रह्यो भने, गोलापर्था मार्फत विजेता घोषणा गरिनेछ ।
च) निर्वाचन सकिएपछि निर्वाचन आयोग स्वतः विघटन भएको मानिनेछ ।
छ) केन्द्रीय कार्यसमितिको उम्मेदवारीका लागि निर्वाचन आयोगले निम्न रकम संकलन गर्नुपर्नेछ:
    १) अध्यक्ष पदका लागि $५००.०० (पाच सय पचास अमेरिकी डलर)
    २) अन्य पदाधिकारीहरूका लागि $३५०.०० (तीन सय पचास अमेरिकी डलर)
    ३) सदस्य पदका लागि $१५०.०० (एक सय पचास अमेरिकी डलर)
ज) च्याप्टर समितिहरू र तिनका निर्वाचन आयोगहरूले उम्मेदवार नामांकन शुल्क आफैं निर्धारण गर्न सक्नेछन् ।
झ) निर्वाचन आयुक्तले निर्वाचित सदस्यलाई प्रमाणपत्र जारी गर्नेछ जसमा उहाँको हस्ताक्षर हुनेछ ।

**धारा २: प्रतिनिधिहरू**

प्रत्येक च्याप्टर समितिले केन्द्रीय कार्यसमिति सदस्यहरूको निर्वाचनका लागि राष्ट्रिय महाधिवेशनमा

सहभागी हुन आफ्नो दर्ता भएका साधारण सदस्यहरूको सूचीबाट प्रतिनिधिहरू चयन गर्नुपर्छ । प्रतिनिधि चयनका लागि निम्न मापदण्डहरू लागू हुनेछन्:

क) प्रत्येक १० जना साधारण सदस्यहरूमा १ जना प्रतिनिधि (१०:१ अनुपातमा) च्याप्टर समितिले चयन गर्नुपर्नेछ ।
ख) यदि कुनै राज्य वा क्षेत्रमा च्याप्टर समिति गठन भएको छैन भने, केन्द्रीय कार्यसमितिले माथि उल्लेखित प्रतिनिधि चयन मापदण्ड अनुसार प्रतिनिधि चयन गर्नेछ ।
ग) सबै आजीवन सदस्यहरू स्वतः राष्ट्रिय महाधिवेशनका प्रतिनिधि हुनेछन् ।
घ) सबै केन्द्रीय कार्यसमिति सदस्यहरू पनि स्वतः राष्ट्रिय महाधिवेशनका प्रतिनिधि हुनेछन् ।

**धारा ३: उम्मेदवारको योग्यता**



**क) केन्द्रीय कार्यसमिति:**

१) सबै उम्मेदवारहरू राष्ट्रिय महाधिवेशनका प्रतिनिधि हुनुपर्छ ।
२) अध्यक्ष पदका उम्मेदवारले कम्तिमा एक वर्ष केन्द्रीय कार्यसमितिमा पदाधिकारीको रूपमा सेवा गरेको हुनुपर्छ वा च्याप्टर समितिमा एक कार्यकालसम्म पदाधिकारीको रूपमा सेवा गरेको हुनुपर्छ, साथै दुई वर्षको बसोबाससहितको आजीवन सदस्यता हुनुपर्छ ।
३) केन्द्रीय कार्यसमितिका पूर्व सदस्यहरू ।
४) च्याप्टर समितिका वर्तमान र पूर्व सदस्यहरू ।
५) राष्ट्रिय महाधिवेशनमा च्याप्टर समितिद्वारा चयन गरिएका प्रतिनिधिहरू ।
६) अध्यक्ष, महासचिव र कोषाध्यक्ष पदका उम्मेदवारहरूले अमेरिका भित्र वैध कानुनी बसोबासको स्थिति भएको हुनुपर्छ, जसले संघको दैनिक कार्यहरू (जस्तै बैंकिङ, कर र कानुनी विषयहरू) निर्वाध रूपमा सञ्चालन गर्न सकोस् ।
७) अन्य केन्द्रीय कार्यसमिति सदस्यहरू ।
८) आजीवन सदस्यहरू । यदि उम्मेदवार पहिले नै आजीवन सदस्य नभएको भए, निर्वाचित वा मनोनीत भएको तीन महिनाभित्र आजीवन सदस्यता लिनुपर्नेछ ।
९) कुनै पनि व्यक्तिले एकै समयमा कुनै पनि तहमा एकभन्दा बढी पद सम्हाल्न पाउने छैन ।

**ख) च्याप्टर समिति:**

सबै साधरण र आजीवन सदस्यहरूले च्याप्टर समितिको कुनै पनि पदमा उम्मेदवारी दिन सक्नेछन्

। यदि उम्मेदवार पहिले नै आजीवन सदस्य नभएको भए, निर्वाचित वा मनोनीत भएको तीन महिनाभित्र आजीवन सदस्यता लिनुपर्नेछ ।

**धारा ४: राजीनामा**

पदाधिकारी र सदस्यहरूले सम्बन्धित केन्द्रीय कार्यसमिति वा च्याप्टर समितिको अध्यक्षलाई राजीनामा बुझाउन सक्नेछन् । सबै राजीनामा पत्रहरू केन्द्रीय कार्यसमितिमा पठाइनुपर्नेछ । राजीनामा दर्ता भएको मितिबाट ३० दिनभित्र केन्द्रीय कार्यसमितिले निर्णय गरी जानकारी दिनुपर्नेछ ।

## अनुच्छेद–१२
## सल्लाहकार मण्डल / विभागहरू / उप–समिति

**धारा १: सल्लाहकार मण्डल**

केन्द्रीय कार्यसमितिमा मगर समुदायका विशिष्ट व्यक्तिहरूबाट बनेको सल्लाहकार मण्डल हुनेछ, पृष्ठ २४ जसको प्रमुख जिम्मेवारी संघको उद्देश्यलाई अघि बढाउन समितिलाई परामर्श प्रदान गर्नु हुनेछ । सल्लाहकार मण्डलमा जम्मा १३ जना सदस्य रहनेछन्, जसमा तत्कालीन (पदबाट बाहिरिएको) अध्यक्ष स्वतः सल्लाहकार रहनेछन् । च्याप्टर समितिले आफ्नो निर्णय अनुसार सल्लाहकार मण्डल गठन गर्न सक्ने अधिकार राख्दछ । यदि केन्द्रीय कार्यसमिति वा च्याप्टर समितिमा नियुक्त गरिएका सल्लाहकार पहिले नै आजीवन सदस्य नभएमा, नियुक्ति भएको मितिले तीन महिनाभित्र आजीवन सदस्यता प्राप्त गर्नुपर्नेछ ।

**धारा २: विभागहरूको स्थापना**

केन्द्रीय कार्यसमिति र च्याप्टर समितिहरूले आवश्यक अनुसार विभागहरू, उप–समितिहरू, वा कार्यदलहरू गठन गर्ने अधिकार राख्दछन् । ती विभागहरूको कार्यक्षेत्र, उद्देश्य, अधिकार वा सीमाहरू यी विधान अनुसार निर्धारण गर्न सकिन्छ । मुख्य समितिका अध्यक्षले सम्बन्धित विभाग वा उप–समितिका संयोजक वा अध्यक्ष र सदस्यहरू नियुक्त तथा हटाउने अधिकार राख्दछन् र तिनको कार्यकाल निर्धारण गर्न सक्दछन् । प्रत्येक विभाग वा उप–समितिले आ–आफ्नो आन्तरिक नियम, कानुन र नीतिहरू तयार पार्नेछ, तर ती केन्द्रीय कार्यसमितिको स्वीकृति बिना कार्यान्वयनमा ल्याउन सकिँदैन । यदि कुनै नियम वा नीतिले सदस्यको अधिकारलाई प्रभाव पार्छ भने त्यसलाई केन्द्रीय कार्यसमितिबाट अनुमोदन गरेपछि मात्र कार्यान्वयन गर्न सकिनेछ ।

**धारा ३: ट्रस्टी वा  निर्देशक मण्डल स्थापना**

मगर  संघ  अमेरिका, इन्क. मा दीर्घकालीन र महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मान गर्न केन्द्रीय कार्यसमितिले ट्रस्टी वा निर्देशकहरूको मण्डल गठन गर्न सक्दछ । यस मण्डलका कार्यहरू र सदस्यता मापदण्डहरू एक विशेष निर्देशिकामा स्पष्ट गरिनेछ, जुन केन्द्रीय कार्यसमितिबाट नियुक्त गरिएको एक 'विशेष  समिति' ले तयार पार्नेछ । उक्त समितिले थप अनुसन्धान गरी योग्यताको रूपमा सदस्यता अवधि, आजीवन सदस्यता, कार्यसमितिमा सेवा र महत्त्वपूर्ण आर्थिक योगदानजस्ता मापदण्डहरू विचार गर्नेछ ।

**अनुच्छेद–१३**
**मानार्थ बोर्ड सदस्यहरू**

सबै पूर्व केन्द्रीय कार्यसमिति सदस्यहरूलाई मानार्थ कार्यसमिति सदस्यको रूपमा मानिनेछ भने, सबै पूर्व च्याप्टर समिति सदस्यहरूलाई मानार्थ च्याप्टर समिति सदस्यको रूपमा मानिनेछ । यस पदवीको घोषणा सम्बन्धित व्यक्तिहरूको कार्यकाल समाप्त भएपछि गरिनेछ ।

**अनुच्छेद–१४**
**प्रतीकचिह्न**

बाहिरी १८ वटा प्वाइन्टरहरू (तिखो किनाराहरू) ले **अठार मगरात** अर्थात् मगरहरूको अठार क्षेत्रहरूलाई जनाउँछन् । भित्री १२ वटा प्वाइन्टरहरूले **बाह्र मगरात** अर्थात् बाह्र क्षेत्रहरूलाई जनाउँछन् । एउटा भित्री त्रिकोणले **काइके (डोल्पा)** क्षेत्रलाई जनाउँछ, जसमा **मगरयूसए को झण्डा** अङ्कित गरिएको छ । नेपाल पृष्ठ २५ नक्सा र झण्डाले नेपाली–अमेरिकी मगरहरू कहाँबाट आएका हुन् भन्ने देखाउँछ, अनि अमेरिकी झण्डाले उनीहरूको हालको बासस्थान जनाउँछ । **"MAGAR ASSOCIATION USA INC."** ले संघको नाम प्रकट गर्छ । **"ESTD. 2004"** ले संघको स्थापना सन् २००४ मा भएको देखाउँछ । प्रतीकचिह्न **अनुसुचि 'ग'** मा चित्रित अनुसार हुनेछ ।

**अनुच्छेद–१५**
**छाप / सिल**

संघको नाम, स्थान, र दर्ता भएको वर्ष उल्लेख गरिएको सिल / छाप रहनेछ, र उक्त मुद्राचिह्न संघद्वारा वा संघको अधिकारमा जारी गरिएका सबै दस्तावेजहरूमा प्रयोग गरिनेछ ।

## अनुच्छेद–१६
## क्षतिपूर्ति

संघको तर्फबाट स्वीकृत रूपमा गरिएका कुनै पनि कार्यको खर्च, यदि ती खर्चहरू अध्यक्ष, सचिव, र कोषाध्यक्ष वा बोर्डले स्वीकृत गरेका छन् भने, तिनको क्षतिपूर्ति दिइनेछ ।

## अनुच्छेद–१७
## संशोधन

यी विधानहरूमा संशोधनको प्रस्ताव केन्द्रिय कार्यसमिति वा कम्तीमा एक तिहाई साधारण सदस्यहरूको लिखित निवेदनद्वारा गर्न सकिन्छ । संशोधन प्रस्तावहरू अध्यक्षद्वारा ग्रहण गरिनेछ र केन्द्रिय कार्यसमितिको सिफारिससहित वार्षिक साधारण सभाबाट ३० दिन अघिदेखि सदस्यहरूलाई जानकारी दिइनेछ । प्रस्तावित संशोधनहरू पारित हुनको लागि वार्षिक साधारण सभामा उपस्थित र मत दिन योग्य सदस्यहरूको दुई तिहाइ बहुमतको स्वीकृति आवश्यक पर्छ । संशोधनको कार्यान्वयन मिति उक्त सभाबाट पारित भएको दिनदेखि लागू हुनेछ ।

## अनुच्छेद–१८
## विघटन

**धारा १: च्याप्टरहरू**

केन्द्रिय कार्यसमितिसँग परामर्श र सदस्यहरूको दुई तिहाइ बहुमतको अनुरोधमा विशेष बैठक आह्वान गरिनेछ, जसमा च्याप्टर समितिको "विघटन" बारे छलफल गरिनेछ । छलफलपश्चात् उपस्थित सदस्यहरूको दुई तिहाइ बहुमतले प्रस्ताव पारित गरेमा समितिले च्याप्टर समितिको विघटन घोषणा गर्
पृष्ठ २६
। अन्तिम समितिले आफ्नो कार्यकालका सबै अभिलेख, कागजात, पत्राचार र अन्य दस्तावेजहरू मगरयूएसएको केन्द्रिय कार्यसमितिलाई हस्तान्तरण गर्नुपर्नेछ । च्याप्टर समितिको विघटनले अन्तिम समितिका पदाधिकारीहरूलाई कुनै पनि चलिरहेका वा भविष्यमा हुनसक्ने छानबिन तथा अनियमितता सम्बन्धी अनुसन्धानबाट मुक्त गराउने छैन ।

**धारा २: संघ**

साधारण सदस्यहरूको दुई तिहाइ बहुमतको अनुरोधमा केन्द्रिय कार्यसमितिले विशेष बैठक आह्वान गर्नेछ र "संघको विघटन" सम्बन्धी छलफल गरिनेछ । छलफलपश्चात् बैठकमा उपस्थित सदस्यहरूको दुई तिहाइ बहुमतले प्रस्ताव पारित गरेमा संघ विघटन गरिएको घोषणा गरिनेछ ।

## अनुच्छेद–१९
## झण्डा

मगर संघ अमेरिका, इन्क. को आफ्नै आधिकारिक झण्डा रहनेछ जसमा खुर्पेटोभित्र हँसिया राखिएको हुनेछ र खुर्पेटोसँग डोरी बाँधिएको हुनेछ। झण्डामा बाहिरी भागमा १८ वटा बारहरू वा प्वाइन्टरहरू र भित्री भागमा ६ वटा बारहरू वा प्वाइन्टरहरू रहनेछन् । झण्डा **अनुसूची 'घ'** मा देखाइएको स्वरूप अनुसार रहनेछ ।

**परिशिष्टहरू:**

**क**) **संस्थापक सदस्यहरू**
**ख) सदस्यता आवेदन फारम**
**ग) मगरयूएसए प्रतीकचिह्न**
**घ**) **मगरयूएसए झण्डा**

---

- यो विधान विशेष साधारण सभाबाट अमेरिकाको न्यू जर्सी राज्यस्थित (Mays Landing, NJ) मा **मार्च २५, २०१८** मा स्वीकृत गरिएको हो ।
- पहिलो संशोधन अमेरिकाको न्यू जर्सी राज्यस्थित (Sewell, NJ) मा **३१ जुलाई, २०२१** मा आयोजित आठौं राष्ट्रिय महाधिवेशनबाट पारित गरिएको हो ।
- दोस्रो संशोधन अमेरिकाको टेक्सास राज्यस्थित (Dallas, TX) मा **०६ अगस्त, २०२२** मा आयोजित आठौं वार्षिक साधारण सभाबाट प्रस्तावित र पारित गरिएको हो ।
- तेस्रो संशोधन अमेरिकाको न्यूयोर्क (New York, NY) मा **२८ जुलाई, २०२४** मा आयोजित नवौं वार्षिक साधारण सभाबाट प्रस्तावित र पारित गरिएको हो ।

## संस्थापक सदस्यहरू

१) प्रा. बि.के. राना मगर
२) श्री दल बहादुर बुढाथोकी मगर
३) श्री नबगेन्द्र राना मगर
४) श्री मोती प्रसाद थापा मगर
५) श्रीमती सरिना थापा मगर
६) श्रीमती संजिता थापा मगर
७) श्री महेन्द्र थापा मगर
८) श्री हेम थापा मगर
९) श्री मधुराम थापा मगर
१०)श्री अखन बहादुर कौचा मगर
११)श्री नारायण कौचा मगर
१२)श्री नर बहादुर बुढा मगर
१३)श्री रुद्र पाइजा मगर
१४)श्री देवेन्द्र थापा मगर
१५)श्री श्याम बुढा मगर
१६)श्री राजु राना मगर
१७)श्री बिमल कुमार थापा मगर
१८)श्रीमती बर्माया बुढा मगर

**अनुसूची–ख**

# सदस्यता आवेदन फारम

MAGAR ASSOCIATION USA INC.
मगर संघ अमेरिका
Estd. 2004

**सदस्यता आवेदन फारम**

दर्ता नं: ०४०८३०००११८२
करदाता नं: ८४-१६५५६२९

**व्यक्तिगत विवरण**

फोटो

जारी मिति: ....................................

नाम: ...................................................................

जन्म मिति: ...................................

लिङ्ग: ......... पुरुष .......... महिला

नेपालको ठेगना: ..........................................................................

अमेरिकाको ठेगना: ......................................................................

ईमेल: ............................................................ फोन नं: .............................

के तपाईंको जीवनसाथी छ? ....... छ ....... छैन

जीवनसाथीको नाम: ............................................... लिङ्ग: ....... पुरुष ........ महिला

बच्चाहरूको संख्या: ............................

१) ........................................................... २) ...........................................................

३) ........................................................... ४) ...........................................................

**सदस्यता विवरण**

सदस्यताको प्रकार: ....... विद्यार्थि ($ २५) ....... साधरण ($ ५०) ....... आजीवन ($ ५००)

कुल सदस्यहरु: ....................

सदस्यता शुल्क: $...................... सदस्यता समाप्ति: .......................

**सदस्यता सम्झौता**

म .......................... मगर संघ युएसए, इन्क. को सदस्यताको विधान, नियम तथा उद्देश्यहरूको पालना गर्न प्रतिबद्ध छु । मैले दिएका माथिका सम्पूर्ण विवरणहरू सत्य छन् ।

आवेदकको हस्ताक्षर: .................... प्रमाणित गर्ने (सदस्यता अभियान संयोजक): .................

(मगर समुदायप्रति साझा जिम्मेवारीको भावना सिर्जना गर्दै)

सचिवालय, 69-08 Woodside Ave, 2nd Fl, Woodside NY, 11377|फोन: (९१७)५९६-४८१०| ईमेल: info@magarusa.org.

अनुसूची–ग

# मगरयूएसए प्रतीकचिह्न

**अनुसूची–घ**

## <u>मगरयूएसए झण्डा</u>

